राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
Chainpur, Makwanpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nep

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:- ९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:- ९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)

पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :- 9S6Y

मिति: २०७८/०१/१३

**विषय : विद्यालय तथा शिक्षण संस्था बन्द गर्ने सम्बन्धमा ।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु**
**राक्सिराङ्ग गाउँपालिका, मकवानपुर ।**

प्रस्तुत विषयमा नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC) काठमाण्डौको मिति २०७८/०१/१२ गतेको प्रेस विज्ञप्ति, जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), मकवानपुरको मिति २०७८/०१/१३ को वैठकको निर्णयानुसार जिल्लाभरका सम्पूर्ण विद्यालय र शिक्षण संस्थाहरुमा भौतिक रुपमा उपस्थित भई हुने पठनपाठन र सबै प्रकारका परीक्षाका कार्यक्रमहरु(हाल संचालन भईरहेका समेत) मिति २०७८/०१/१३ गते देखी लागु हुने गरी बन्द गर्ने निर्णय गरेको र उक्त निर्णय पूर्ण रुपमा पालना र कार्यन्वयन गर्न गराउन भनि शिक्षा विकास तथा समन्वय इकाई, हेटौडा, मकवानपुरले च.नं. ६८५, मिति २०७८/०१/१३ मा पत्राचार भएको हुँदा अर्को सूचना प्रकाशन नभएसम्मको लागि सोहि अनुसार गर्न गराउन हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

०१/१३
............................
प्रदिप पराजुली
शिक्षा अधिकृत

प्रदिप पराजुली
शिक्षा अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

मकवानपुर, हेटौंडा

फोन नम्बर
प्रमुखः०५७-५२०५०१
प्रशासनः०५७-५२६४३०
परीक्षाः०५७-५२६७४४
लेखाः०५७-५२४४१८
Email: deomakawanpur57@gmail.com

च.नं. ६८५
प.सं. २०७७/०७८

शिक्षा विकास तथा समन्वय इकाइ हेटौंडा, मकवानपुर

मितिः २०७८/०१/१३

बिषयः **विद्यालय तथा शिक्षण संस्था संचालन सम्वन्धमा ।**

श्री जिल्लास्थित सम्पूर्ण विद्यालयहरु तथा शिक्षण संघसंस्थाहरु
मकवानपुर ।

प्रस्तुत विषयमा नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC) काठमांडौको मिति २०७८/०१/१२ गतेको प्रेस विज्ञप्ती एवं जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), मकवानपुरको मिति २०७८/०१/१३ को वैठक निर्णयानुसार जिल्लाभरका संपूर्ण विद्यालय र शिक्षण संस्था हरुमा भौतिक रुपमा उपस्थित भइ हुने पठनपाठन र सवै प्रकारका परीक्षाका कार्यक्रमहरु (सन्चालन भइरहेका समेत) मिति २०७८/०१/१३ गतेदेखि लागू हुने गरी वन्द गर्ने निर्णय भएको हुंदा पूर्ण रुपमा निर्णयको पालना र कार्यान्वयन गर्नु गराउनु हुन जिल्लास्थित सम्पूर्ण विद्यालयहरु तथा शिक्षण संघसंस्थाहरु र सम्वद्ध सवैमा अनुरोध छ ।

पुनश्चः सवै पालिकास्थित शिक्षा शाखा/महाशाखाहरुले उपरोक्त व्यहोरा वमोजिमको सूचना तहां पालिकास्थित संपूर्ण विद्यालय र शिक्षण संस्था हरुमा संप्रेषण गरी निर्णयको पालना र कार्यान्वयनमा सहजिकरण गरिदिनु हुन समेत अनुरोध छ ।

२०७८/०१/१३

कृष्ण प्रसाद पौडेल
नि· इकाइ प्रमुख

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, मकवानपुरः अवगतार्थ अनुरोध छ ।

Scanned with CamScanner

निर्णयहरू:-

१. जिल्लाभित्र COVID-19 संक्रमितहरूको संख्या बढ्दै गइरहेको सन्दर्भमा परीक्षणको संख्या समेत बढाउनुपर्ने भएको हुँदा किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडामा रहेको PCR Machine लाई समेत Swab परीक्षण गर्ने कार्यमा प्रयोग गर्न किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडालाई अनुरोध गर्ने ।

२. PCR Machine मार्फत गरिने स्याब परीक्षणको कार्यलाई थप प्रभावकारी एवं छिटोछरितो तुल्याउन आवश्यक पर्ने Sample Extractor को तत्काल व्यवस्था मिलाई दिनका लागि बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, हेटौंडालाई अनुरोध गर्ने ।

३. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ५०९/CCMC-MGMT/कार्य/१/०७७/७८/२४५, मिति २०७८/०१/१२ को प्रेस-विज्ञप्ति बमोजिम यस मकवानपुर जिल्ला भर विद्यालय, कलेज, ट्युसन सेन्टर लगायतका शिक्षण संस्थाहरूबाट भौतिकरूपमा उपस्थित भई हुने पठनपाठन र सबै प्रकारका परीक्षाका कार्यक्रमहरू (सञ्चालन भइरहेका समेत) मिति २०७८-०१-१३ गतेदेखि लागू हुने गरी बन्द गर्ने र सो को समन्वय शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र सम्बन्धित स्थानीय तहहरूले गर्ने ।

४. मिति २०७८-०१-१३ गतेदेखि जिल्लाभित्रका होटल, रेष्टुरेन्ट तथा रिसोर्टहरूमा विवाह, ब्रतबन्ध, वर्थडे मनाउने लगायतका भिडभाड हुने कुनै पनि कार्यक्रमहरू आयोजना गर्न पूर्णरूपमा रोक लगाउने ।

५. हेटौंडा बजार क्षेत्रमा फुटपाथमा गरिने स्ट्रिट फुड व्यापार लगायतका अन्य सबै प्रकारका फुटपाथ व्यापार व्यवसायहरू तत्काल बन्द गर्ने, गराउने व्यवस्था हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडाले गर्ने ।

६. हेटौंडा बजार क्षेत्रमा मानिसहरूको भिडभाडलाई नियन्त्रण एवं व्यवस्थापन गर्दै कोभिड-१९ संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न दिन तोकी आलोपाले गरी व्यसाय सञ्चालन गर्ने व्यवस्था मकवानपुर उद्योग वाणिज्य संघले मिलाउने । साथै, हेटौंडा बसपार्कस्थित तरकारी बजार र माछामासु बजार एवं खोपेगल्लीस्थित तरकारी बजार बिहान ४:०० बजेदेखि बिहान ८:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

७. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०९१, मिति २०७८-०१-११ को पत्रबाट हालको कोभिड-१९ को संक्रमणको परिस्थितिलाई मध्यनजर गरी बिगतमा सञ्चालनमा रहेका आइसोलेसन सेन्टरहरू पुन: सञ्चालन गर्ने व्यवस्थाका लागि लेखी आएको सन्दर्भमा यसअघि यस जिल्लामा सञ्चालनमा रहेका सबै आइसोलेसन सेन्टरहरू सम्बन्धित स्थानीय तहहरूले पुन: सञ्चालन गर्ने ।

८. जिल्लाभित्र कोभिड-१९ संक्रमण नियन्त्रण एवं व्यवस्थापनका सन्दर्भमा भएका दैनिक गतिविधिहरूको विवरण तयार, सूचना सम्प्रेषण, समन्वय र अन्य व्यवस्थापकीय कार्यहरू समेत गर्ने गरी देहायको एक Task Force गठन गर्ने ।

| | | |
|---|---|---|
| प्रशासकीय अधिकृत | श्री देवचन्द्र गर्तौला, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | -संयोजक |
| अधिकृत प्रतिनिधि | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा | -सदस्य |
| प्रतिनिधि | स्वास्थ्य कार्यालय, मकवानुर | -सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला प्रहरी कार्यालय, मकवानपुर | -सदस्य |

२०७८।१।१३
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner